# योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४

# प्रस्तावना

- श्रमिकका योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न, तथा
- योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्न

# कोषले ढाकेको श्रमिक

- संगठित क्षेत्र- सरकारी, अर्धसरकारी र निजी क्षेत्रका सेवामा कार्यरत श्रमिक
- स्वयं रोजगार गर्ने श्रमिक
- अनौपचारिक क्षेत्रको श्रमिक

# सरकारी

- संघीय निजामती, नेपाली सेना, संघीय प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, प्रदेश निजामती प्रदेश प्रहरी, नेपाल सरकारले रापत्रमा सूचना प्रकाशित गरि तोकेको नेपाल सरकार/प्रदेश सरकार वा स्थानीय तहसँग सम्बन्धी अन्य सेवा
- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरि तोकेको कोषबाट पारिश्रमिक पाउने व्यक्ति/सेवा

# सामाजिक सुरक्षा योजना छनौट गर्न पाउने (दफा ६)

- अनौपचारिक क्षेत्रका श्रमिक
- स्वरोजगारमा रहेका व्यक्ति

# सामाजिक सुरक्षा योजना (दफा १०)

- औषधी उपचार तथा स्वास्थ्य सुरक्षा योजना
- मातृत्व सुरक्षा योजना
- दुर्घटना सुरक्षा योजना
- अशक्तता सुरक्षा योजना
- वृद्ध अवस्था सुरक्षा योजना
- आश्रित परिवार सुरक्षा योजना
- वेरोजगार सहायता योजना
- कोषले तोकेका अन्य सामाजिक सुरक्षा योजना

# सामाजिक सुरक्षा कोषमा जम्मा हुने रकम (दफा २६)

- सामाजिक सुरक्षा योजनाको प्रयोजनका लागि योगदानकर्ता र रोजगारदाताबाट योगदान स्वरुप प्राप्त रकम
- श्रम सम्बन्धी प्रचलित कानुन बमोजिम प्रत्येक महिना श्रमिकको आधारभूत पारिश्रमिकबाट १०% तथा रोजगारदाताबाट संचयकोष वापत थप गरिदिएको रकम
- श्रम सम्बन्धी प्रचलित कानुन बमोजिम रोजगारदाताले उपदान, निवृत्तिभरण र अन्य सुविधा वापत श्रमिकलाई उपलब्ध गराउन पर्ने रकम
- वोनस सम्बन्धी प्रचलित कानुन बमोजिम राष्ट्रियस्तरको कल्याणकारी कोषमा जम्मा भएको र जम्मा हुन आउने रकम
- सामाजिक सुरक्षा कर वापत हालसम्म संकलित र भविष्यमा संकलन हुने रकम
- नेपाल सरकारबाट प्राप्त अनुदान
- विदेशी सरकार/संघ संस्थाबाट प्राप्त अनुदान, सहयोग/ऋण रकम
- कोषको रकमबाट प्राप्त नाफा/ज्याला रकम
- नेपाल सरकारबाट ऋण स्वरुप प्राप्त हुने रकम
- अन्य कुनै श्रोतबाट प्राप्त रकम

कल्याणकारी कोषको रकम सम्बन्धित श्रमिकलाई मात्र प्राप्त हुन्छ (दफा २६/३)

# कोष संचालक समिति (दफा २९)

- त्रिपक्षीय- १३ (६+३+३+१) जना

# योगदान योग्य आयको योगदान दर निर्धारण (दफा ३०/६/तर)

- “ ....... रोजगारदाताबाट २०% र श्रमिकककको तर्फबाट ११% भन्दा बाढी योगदान दर निर्धारण गर्नु परेमा .........”

# सूचीकृत हुने प्रकृया (परिच्छेद ३)

- मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरि तोकिएको क्षेत्र तथा प्रकृतिका उद्योग/सेवा/व्यवसाय/कारोवार संचालन गर्ने रोजगारदातालाई दफा २० को अवधि (६ महिना/३ महिना) भित्र सूचीकृत हुन सूचना प्रकाशित गर्दछ (दफा १९)
- ऐन प्रारभ्म हुँदाका वखत कामममा रहेको रोजगारदाताले ऐन प्रारम्भ भएको मितिले ६ महिना भित्र श्रमिकको सूचीकरण गराउने
- ऐन प्रारम्भ भएपछि सूचीकृत रोजगारदाताले नियुक्त गरेको/श्रम सम्बन्ध काममा रहेकालाई ३ महिना भित्र सूचीकरण गराउने (दफा २०)
  - नगराएमा श्रमिकले कोषमा उजुर गर्न पाउदछ
  - सूचीकरण गराएको नदेखिएमा कोषले सूचीकरण गराउन आदेश दिन सक्दछ र आदेशको पालना गर्नु पर्दछ (दफा २०/३)
- रोजगारदातालाई सूचीकरण र योगदानकर्ता (श्रमिक) लाई सामाजिक सुरक्षा नम्बर दिइन्छ (दफा २२)

# रोजगारदाताको कर्तव्य

- नोकरीमा नरहेका योगदानकर्ता (श्रमिक) बारेमा एक महिनाभित्र तोकिए बमोजिम रोजगारदाताले कोषलाई जानकारी दिनु पर्दछ (दफा २४)
- सूचीकृत रोजगारदाताले योगदानकर्ताले पाउने योगदान योग्य आयको दफा ७ बमोजिम निर्धारित योगदान दरमा आफ्नो तर्फबाट थप गर्नुपर्ने रकम थपेर नियमित रुपमा अर्को महिनाको १५ दिनभित्र मासिक जम्मा गर्नु पर्दछ (दफा ४) सो अवधिभित्र जम्मा नगरेमा १०% वापत ब्याज लाग्दछ (दफा ९१)
- पुरा महिनाको योगदान गर्नु नपर्ने भएमा दामासाहीका आधारमा जम्मा गर्नु पर्दछ (दफा ४/३)
- योगदानको दर (रोजगारदाता र श्रमिकले गर्ने योगदान) कोष संचालक समितिको सिफारिसमा मन्त्रालयले राजपत्रमा प्रकाशित गरि तोकि दिए बमोजिम हुनेछ (दफा ७(१)
- सरकारले योगदानको दर ... मुद्रा स्फिर्ती कोषको आर्थिक अवस्थाको आधारमा थपघट वा हेरफेर गर्न सक्दछ (दफा ७/२)
- कुनै कुनै कारणले पारिश्रमिक नपाउने भएमा बढीमा ३ महिनासम्म योगदान जम्मा गरिदिनु पर्दछ (दफा ८)/रोजगारदाताले पछि कट्टा गरि लिन सक्दछ ।
- रोजगारदाताबाट योगदान रकम असुली (दफा ९/४)
  - बैंक खाता, चल अचल सम्पत्ति, कानुन बमोजिम पाउने छुट सुविधा निलम्बन/रोक्का राखेर
  - इजाजतपत्र निलम्बन/राहदानी रोक्का राखेर